# नेपालमा सामुदायिक कलेज: चुनौति र सम्भावनाहरु

डा. तुलसी प्रसाद थपलिया

**सामुदायिक कलेज**

सरकारी योजना र लगानीमा भन्दा पनि जनसमुदायले आपसी सहयोगका आधारमा स्थापना गरी सञ्चालनमा ल्याएका कलेजहरुलाई नेपालका सन्दर्भमा सामुदायिक कलेज (Public College) का अर्थमा चिन्ने गरिन्छ । यी कलेजहरु विश्वविद्यालयहरुले आफैं स्थापना गर्ने नभइ समुदायको पहलमा स्थापित हुने, तोकिएका शर्त पूरा गर्ने र कार्यक्रम सन्चालन अनुमतिका निमित्त कुनै विश्वविद्यालयको सम्बन्धन प्राप्ति गर्ने भएकाले शासकिय स्वरुपका हिसाबले यस्ता कलेजहरुलाई सम्बन्धन प्राप्त कलेज भनेर पनि चिनिन्छ । लगानीको श्रोतका हिसाबले सरकारी भन्न नमिलेर यस्ता कलेजलाई यदाकदा निजीको श्रेणीमा राखेर हेर्ने गरेको समेत पाइन्छ ।

**किन खुले सामुदायिक कलेज ?**

शिक्षाको अवसर विस्तार गर्न, उच्च-शिक्षाको ब्यबस्थापनमा जनसहभागिता बढाउन, सरकारी श्रोतमाथिको चाप कम गर्न, वा वैकल्पिक शिक्षा प्रवाह संयन्त्र स्थापना गर्न भनेर यस्ता कलेजको आवश्यकता र औचित्य बारे बिभिन्न तर्कहरु प्रस्तुत गर्ने गरिन्छ । तर, किटेर भन्ने हो भने- शिक्षामा निजी र सामुदायिक लगानी भित्रिनुमा विश्वब्यापी रुपमा नै 'माग' पक्षको प्रमुख भुमिका रहेको मानिन्छ- क) <u>माग बढी भएर</u> सरकारी तबरबाट दिएको सेवा अपर्याप्त हुन पुगेमा, वा ख) सरकारी सेवाभन्दा <u>फरक प्रकारका सेवाको</u> माग हुनजाँदा बैकल्पिक सेवाको प्रबन्ध गर्ने क्रममा सामुदायिक र निजी लगानी प्रवेश गर्ने गर्दछ । यसमा पनि सामुदायिक तर्फबाट सेवा दिनेगरी खोलिने संस्थाहरु मूलत: माग पूरा गरेर सन्तुलन कायम गर्ने उद्देश्यले परिचालित हुन्छन् भने निजी क्षेत्रबाट सन्चालन हुने संस्थाहरुलाई 'प्रतिस्पर्धा', 'मुनाफा' जस्ता आर्थिक साधनहरुले परिचालन गर्दछन् ।

**ऐतिहासिक विकासक्रम**

नेपालको सन्दर्भमा सामुदायिक कलेजहरुको विकासक्रमलाई राष्ट्रिय शिक्षा पद्धतिको योजनाको कार्यान्वयनसँग गाँसेर हेर्नुपर्ने देखिन्छ:

क) प्रारम्भमा त्रिचन्द्र बहुमुखी क्याम्पस, पद्मकन्या बहुमुखी क्याम्पस जस्ता केही सरकारी कलेजहरुलाई छोडेर कुरा गर्ने हो भने अधिकांश कलेजहरु- जस्तै- शंकरदेव क्याम्पस काठमाडौं, ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्ज, समुदायको पहल, सहभागिता र योगदानमा स्थापित र सन्चालित भएका देखिन्छन् । सरकारी कलेजबाट प्राप्त सेवाले शिक्षाको मागलाई धान्न नसकेका कारणबाट यी कलेजहरुको बिकास भएको बुझ्न सकिन्छ । सार्वजनिक चरित्रका तथा पूर्णत: सामुदायिक ब्यबस्थापनमा सन्चालित यी कलेजहरुले नेपालमा उच्च-शिक्षाको बिकासमा सुरुदेखिनै महत्त्वपूर्ण योगदान पुर्यासउँदै आएको देखिन्छ ।

ख) वि सं २०२८-२०३२ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयनमा आएपछि २०३० सालमा यस्ता कलेजहरुलाई त्रिभुवन विश्वविद्यालयका आङ्गिक कलेजका रुपमा समाहित गरेको पाइन्छ (नेपाल पब्लिक विवि को स्थापना गर्ने सम्बन्धी अध्ययन टोलिको प्रतिवेदन, २०६६) । यसप्रकार हरेक तहमा राष्ट्रिय आवश्यकता अनुरुप मात्र जनशक्ति उत्पादन गर्ने र त्यसका निमित्त राष्ट्रिय शिक्षा समितिको नीति र शिक्षा मन्त्रालयको जनशक्ति प्रक्षेपणका आधारमा त्रिविवि मार्फत भर्नालाई नियमन गर्ने गरी सम्पूर्ण उच्च-शिक्षालाई योजना अनुरुप सन्चालन गर्ने क्रममा शासकिय स्वरुपमा परिवर्तन गरी यी कलेजहरु समाहित गरिएको देखिन्छ ।

ग) विसं २०३६ को विद्यार्थी आन्दोलनले योजनामा आधारित उच्च-शिक्षाको अवधारणालाई नै चुनौति दियो । प्रवेश परिक्षा मार्फत भर्नालाई नियमन गर्ने पाटोलाई खुकुलो तुल्याउँदा समेत भर्नाको मागलाई सम्बोधन गर्न आङ्गिक कलेजहरुको क्षमता अपर्याप्त साबित भयो । फलस्वरुप सामुदायिक कलेजहरुको विकासको दोश्रो श्रृङ्खलाका रुपमा २०३७ सालमा त्रिविविका शिक्षकहरुकै संलग्नता र जनसहभागितामा सामुदायिक कलेज खोल्न स्वीकृति दिन थालिएको देखिन्छ ।

घ) यस्ता कलेजहरुका सन्दर्भमा विश्वविद्यालयहरुको भूमिका - अस्थायी सम्बन्धन, कार्यक्रम अनुमति, परीक्षा, र उपाधि प्रदान गर्ने कार्यमा सिमित रहँदै आयो । स्थापनाका निमित्त लगानी जुटाउने विषय, पुर्वाधार विकास, क्षमता विकास, अनुसन्धान, शिक्षक बृत्ति बिकास जस्ता विषय समेत ति कलेज आफैंले धान्नु पर्ने स्थितिले सामुदायिक कलेजको सन्चालन चुनौतिपूर्ण बन्न पुग्यो । यस सन्दर्भमा २०४६ सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकारको पालादेखि यस्ता कलेजहरुलाई न्युनत रुपमा नै भएपनि अनुदान दिने कार्यको थालनी भएको पाइन्छ । (ऐ अध्ययन टोलिको प्रतिवेदन, २०६६)

**वर्तमान अबस्था**

क) विश्वविद्यालय अनुदान आयोगको सन् २००९ को तथ्याङ्कले देखाए अनुसार हाल मुलुकमा २२० सामुदायिक कलेज सन्चालनमा छन् (जसमध्ये २१७ त्रिविविबाट सम्बन्धन प्राप्त छन्), पब्लिक क्याम्पस सङ्घले दिएको तथ्याङ्कले यस्ता कलेज २४४ भएको जनाएको छ । आफ्नो आङ्गिक क्याम्पसहरु ६० मात्र रहेको सन्दर्भमा सामुदायिक कलेजको संख्या र योगदान निकै ठूलो रहेको सहजै देख्न सकिन्छ ।

ख) विद्यार्थि भर्नाका दृष्टिले समेत यी कलेजको योगदान महत्त्वपूर्ण देखिन्छ: सुरुमा प्रमाणपत्र तहको मात्र शिक्षा दिने गरी सम्बन्धन लिएका अधिकांश कलेजले स्नातक तहको शिक्षा दिन्छन् र केहीले स्नातकोत्तर तहको शिक्षा प्रदान गर्दछन् । यी कलेजहरुमा कूल संख्याको २० प्रतिशत भन्दा बढी विद्यार्थीहरु अध्ययन गर्दछन् ।

ग) पब्लिक विवि स्थापना गर्न गठित अध्ययन टोलिले २०६६ सालमा दिएको प्रतिवेदनले औंल्याए अनुसार १२६ ओटा सामुदायिक कलेजहरुको मात्र आफ्नै जग्गा र भवन छ, अरु थुप्रै कलेजहरु कमजोर भौतिक पुर्वाधारमा सन्चालित छन् ।

घ) शिक्षक कर्मचारीका सेवा, शर्तहरु ब्यबस्थित हुन नसकेको, असुरक्षित महसुस गर्ने गरेको, क्षमता बिकासका अबसर उपलब्ध नभएको जस्ता समस्या समेत बिभिन्न बेलामा प्रस्तुत हुने गरेका छन् ।

ङ) यी कलेजहरु मूलत: विद्यार्थी शुल्क र सामुदायिक सहयोगका आधारमा सन्चालित छन् र सरकारी लगानी न्युनतम मात्र छ । एउटा प्रतिवेदनले यी कलेजमा प्रति विद्यार्थी वार्षिक सरकारी लगानी नौ सय रुपैयांभन्दा कम रहेको देखाएको छ ।

च) अधिकांश कलेजहरु त्रिविवि अन्तर्गत सम्बन्धन प्राप्त गरी सन्चालित भएको सन्दर्भमा त्रिविविको पाठ्यक्रम परिमार्जन तथा परिक्षाको नियमितता र कार्यतालिका पालना जस्ता विषयमा पर निर्भरता धेरै छ । त्यसैकारणले पनि शासकिय ब्यबस्थामा सुधार गर्न “नेपाल पब्लिक युनिभर्सिटी” को स्थापनाको माग समेत उठिरहेको छ ।

**समस्या र चुनौतिहरु**

क) शासकिय प्रबन्ध सम्बन्धी: छुट्टै विवि को माग उठेको छ, यस सन्दर्भमा त्रिविवि को बोझ घटाउने, उच्च-शिक्षाको अवसर बिस्तार गर्ने, ब्याबसायिक लचकता प्राप्त गर्ने, सामुदायिक

कलेजको स्वतन्त्र उपाधि ब्यबस्था गर्ने, र बिभिन्न श्रोतबाट लगानी आकर्षित गर्ने जस्ता तर्कहरु अगाडि आएका छन्, यी तर्कहरु आफैंमा बलिया छन् साथसाथै यसभित्र चुनौतिहरु पनि गाँसिएका छन् । पहिलो कुरा, यो अवधारणा क्षेत्रिय विश्वविद्यालयको अवधारणा सँग मेल खाँदैन । क्षेत्रिय विश्वविद्यालयको विषयले क्षेत्रिय तहमा विशेष महत्त्व पाउँदै गएको, र मानविय समवेदनालाई समेटन थालेको सन्दर्भमा देशभर छरिएर रहेका कलेजको सन्जालले स्थानीय माया पाउन चुनौति भोग्न पर्ने हुन सक्छ ।

ख) ब्यबस्थापन: आङ्गिक कलेजहरुको अपेक्षा सामुदायिक कलेजहरुमा बढी ब्यबस्थापकिय स्वायत्तता भएबाट यी कलेजहरुको सन्चालनमा छरितोपना अनुभव भएको हो । यससँगै शिक्षकहरुको सेवालाई उत्तिकै आकर्षक बनाउनु ठूलो चुनौति बनेको छ ।

ग) गुणस्तर र समता सम्बन्धी: उपलब्ध सेवाले मागलाई धान्न नसकेर खुलेका यी कलेजहरुलाई पहिलो छनौटको कलेज बनाउनु उत्तिकै चुनौतिपूर्ण विषय बनेको छ । अझ निजी उच्च-शिक्षाको विस्तारसँगै विद्यार्थीको वितरण समान नहुने स्थति आउँदै छ र यी कलेजहरु नसक्नेले पढने कलेजमा रुपान्तरित हुन खोज्दैछन् कि भन्ने आशङ्का जन्माएको छ । त्यत्तिमा पनि आँत्तिन नपर्ला, तर- कम आकर्षक र सस्ता कार्यक्रम र विषय को सन्चालन, न्युन सरकारी लगानी, नयाँ प्रविधि तथा विकासबारे परिचय नहुने स्थिति, विद्यार्थी शिक्षण-प्रक्रियामा खुकुलोपना, जस्ता कुरा आम विशेषता बन्न पुगे भने यी कलेजहरुको विश्वसनियता जोगाउने र सुधार्ने विषय चुनौतिको विषय बन्नसक्छ ।

घ) शिक्षक आपुर्ति र बिकास: उच्च-शिक्षाको गुणस्तर निर्धारकहरुमा शिक्षकको बिशेष भुमिका रहने कुरामा खासै विवाद छैन । हाम्रा सामुदायिक कलेजहरुले दिने सुबिधा तथा उपलब्ध बृत्ति-विकासका अवसरलाई हेर्दा बजारमा उपलब्ध सबैभन्दा सक्षम उम्मेदवारलाई आकर्षण गर्ने, बिकास गर्ने, टिकाउने, निरन्तर शृजनामा प्रेरित गर्नु चुनौतिको विषय बन्न सक्छ ।

ङ) भौतिक पुर्वाधार बिकास: अधिकांश कलेजहरुको आफ्नै भवन समेत नभएर सामुदायिक विद्यालयको भवन प्रयोग गर्नुपरेको स्थिति छ । विद्यालय र कलेजको छुट्टै ब्यबस्थापन हुने सन्दर्भमा कतै कलेजले गुनासो गर्ने, कतै विद्यालयको सुबिधा बिना भाडा लामो समयसम्म कलेजले उपयोग गरेको भन्ने गुनासो पनि सुनिन्छ  र बेलाबेला बिबाद आउने गरेका छन् । अर्कोतिर माध्यमिक विद्यालयका निमित्त बनाइएका पुर्वाधार, प्रयोगशाला तथा पुस्तकालय समेत माथिल्लो र बोल्नसक्ने विद्यार्थीले उपयोग गरेर तल्लो कक्षामा सुबिधा नपुगेको भन्ने

गुनासो समेत सुन्नुपर्ने स्थिति छ । यसरी यी कलेजको निमित्त अलग्ग भौतिक सुबिधा निर्माण गर्ने कुरा चुनौतिको विषय भएको छ ।

**सम्भावनाहरु**

क) नेपालका सामुदायिक कलेजहरुले समुदायको विश्वास जित्न सफल भएका छन्, विद्यार्थी नपाएर कार्यक्रम बन्द गर्नुपर्ने अबस्था सुन्नु परेको छैन । विद्यालय शिक्षाको विस्तारसँगै उच्च-शिक्षाको माग झन् बढदै गएको अबस्थामा यसलाई सुदृढ तुल्याउन सक्ने सम्भावना उत्तिकै देखिन्छ ।

ख) सुचना र प्रविधिको विकासले दुरिलाई छोट्याएको छ, बिद्यार्थीका निमित्त मात्र होइन शिक्षकका पेशागत बिकासका निमित्त समेत यो प्रविधिको बिकासले सुगमता थपेको छ । खान एकेडेमीको नामबाट एउटा ब्यक्तिले सुरु गरेको कार्यक्रमले सन्सारभरका करौडौं विद्यार्थि र शिक्षकको ध्यान आकर्षित गर्न सक्छ र सहयोग पुर्याउन सक्छ भने- सामुदायिक कलेजको सन्जालले यस्तो कार्यको सुरु गर्न नसक्ने कुनै कारण छैन । त्यति मात्र होइन- शिक्षक विकासका निमित्त समेत प्रविधिको प्रयोगको पर्याप्त सम्भावना देख्न सकिन्छ ।

ग) संसदमा विचाराधिन उच्च-शिक्षा विधेयकले सामुदायिक विश्वविद्यालयको स्वरुपलाई पहिचान दिएको छ । यसका अतिरिक्त भौतिक, शैक्षिक तथा ब्यबस्थापकिय सक्षमताका आधारमा सम्बन्धन प्राप्त कलेजले समेत मानित विश्वविद्यालयको हैसियत आर्जन गर्न सक्ने सम्भावना देखाएको छ ।

घ) सामुदायिक कलेजले उच्च-शिक्षाको बिकासमा पुर्या एको योगदानका कारणले यी कलेजहरुलाई अझ प्रभावकारी रुपमा सन्चालन गर्ने सन्दर्भमा सहजीकरण (Enable) गर्न सरकार र विश्वविद्यालय अनुदान आयोग बिगतभन्दा थप सकारात्मक बन्दै गएको छ । उच्चशिक्षामा विकेन्द्रिकरण गर्ने नीतिको सामुदायिक कलेजको विकासमा सकारात्मक असर पर्ने आशा गर्न सकिन्छ । यसलाई शिक्षकका सेवा, शर्तलाई ब्यबस्थित गर्ने र क्षमता बिकास गर्ने सन्दर्भमा समेत उपयोग गर्ने सम्भावना देखिन्छ, जसले थप छलफलको माग गर्दछ ।

अन्तमा, समुदाय, र शिक्षक-विद्यार्थीको माया र भरोसा नै सामुदायिक कलेजको बिकासको मूल आधार हो । यही आधारले नै आसन्न हरेक प्रकारका चुनौतिहरुलाई सामना गर्ने तागत प्रदान गर्ने आशा गर्न सकिन्छ ।